नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**मिति २०८२।१२।२२ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा बसेको लागू औषध नियन्त्रण सम्बन्धी बैठकका निर्णयहरु**

१. आजको बैठकमा कपिलवस्तु जिल्लामा लागू औषध र यसले पारेको असरका साथै नियन्त्रणका लागि सरोकारवालाहरु बीच विस्तृत छलफल गरियो ।

२. कपिलवस्तु जिल्ला भित्र लागू औषध नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा प्रहरी, स्वास्थ्य संस्था, स्थानीय तह, शैक्षिक संस्था, सामाजिक संघ/ संस्था र मिडियाको समन्वयमा एकीकृत कार्य गर्ने ।

३. प्रहरीद्वारा लागू औषध ओसार पसार तथा बिक्री नियन्त्रणमा कडाई गर्ने, प्रशासनद्वारा समन्वय एवं आवश्यक निर्देशन गर्ने र पालिकाद्वारा सरोकारवाला निकायसंगको समन्वयमा आफ्नो क्षेत्रका होटल, लज तथा सार्वजनिक स्थलमा नियमित अनुगमन गर्ने ।

४. जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा फार्मेसी र पुनस्थापना केन्द्रहरुको अनुगमन /निरिक्षण गर्ने ।

५. पालिका, शैक्षिक संस्था र सामाजिक संघ/ संस्थाद्वारा विद्यालय र समुदायस्तरमा सचेतनामूलक कार्यक्रम गर्ने र मिडियाद्वारा जनचेतना अभिवृद्धिका लागि नियमित सामाग्री प्रसारण गर्ने ।

६. स्वास्थ्य संस्था र पुनस्थापना केन्द्रद्वारा उपचार, परामर्श र पुर्नस्थापना सेवा उपलब्ध गराउने र स्थानीय तह तथा संघ संस्थाद्वारा पहुँच विस्तार र सहजीकरण गर्ने ।

७. जिल्ला प्रशासन कार्यालयले लागू औषध नियन्त्रणका लागि स्थानीय तह लगायत सरोकारवाला निकायको सहभागीता र समन्वयमा समग्र अनुगमन गर्ने र सम्बन्धित निकायहरुबाट नियमित प्रतिवेदन लिई आवश्यक सुधार गर्ने ।

८२।१२।२२

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी